## Parsagadhi Municipality

**Office of Municipal Excutive**

**Parsa ( Providence No-2**

## *Invitation for Bids for the* Construction of Various Infrastructure

**IFB No-07/culvert/2076-77**

Second Date of notice publication : **2077/02/10**

1. The Parsagadhi Municipality, Parsa in Providence No-2 has allocated funds towards the construction RCC Box culverts and intends to apply part of the funds to cover eligible payments under the Contracts for ***Various RCC culvert Construction as mentioned below in the table.*** Bid is open to all eligible Bidders.
2. ***Parsagadhi Municipality, office of Municipal Excutive, Parsa*** invites sealed bids from Nepalese eligible bidders for the construction of ***RCC box culvert.as mentioned below in the table*** under National Competitive Bidding procedures. The estimated amount for the works is as mentioned in table below
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Parsagadhi mnicipal excuitive, Harpur, parsa***
4. A complete set of Bidding Documents may be purchased from the office *of Municipal excuitive, Harpur, Parsa* by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***as mentioned table below*** till 2077/02/ 25 as mentioned in the table below during office hours.
5. Pre-bid meeting shall be held at ***Parsagadhi Municipality, office of Parsagadhi Municipal Excuitive, Harpur, Parsa*** at 11:00 hrs on 2077/02/20
6. Sealed bids must be submitted to the office ***of Parsagadhi Municipal excuitive, Harpur, Parsa*** by hand or courier before ***12:00*** on Date as mentioned in the table below ***2077/02/26***. Bids received after this deadline will be rejected.
7. The bidswill be opened in the presence of Bidders' representatives who choose to attend at ***13:00 hrs on the date mentioned in the table below 2077/02/26*** at the office of ***Municipal Excuitive, Harpur, Parsa***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security, amounting to a minimum as mentioned below in table which shall be valid for 30 days beyond the validity period of the bid ie date till as mentioned in the table below 2077/06/20 Information regarding the Bid Security deposit in the Bank

**Name of Bank: Sanima Bank limited, Parsagadhi Branch**
**Deposit Account No: 063010020000003**
**Account Operating Office: Office of Parsagadhi Municipal executive**
**Office Code No: 80222401300**
**Amount to be deposited in the name of : Office of Parsagadhi Municipal Excutive, Parsa**

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are advised to visit the sites and assess the actual site condition before submitting their bid.
10. All the rules and regulations shall be according to the Laws of Nepal. Parsagadhi municipality reserves the right to accept or reject wholly or partially or all the bids without assigning any reasons whatsoever.
11. The summary of contracts are as given below in Table

| Sn. | Contract No | Name of Contract | Estimated Amount (Including VAT) | Last Date of Purchasing Bid document | Last Date of Bid submission | Bid Openning Date &Time | Cost of Bid document (NRs.) | Bid Valididty | Bid security/ Validity | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 07/PARG/PAR/ RCC CULVERT/NCB/W/ phokaha/2076-77 | Baderwa dekhi Teliya Jane Batoma Phokaha kholama RCC Box culvert Nirman | 4433892.27 | 02/25/2077 | 02/26/2077 ( within 12:00hr) | 02/26/2077 (13:00hr) | 3000 | 90days | **NRs.111000 ( till 2077/06/20)** | Tender |
| 2 | 08/PARG/PAR/ RCC CULVERT//NCB/W/ auraiya/2076-77 | Culvert Nirman Auraiya Gaun dekhi Dakshin | 2186000.76 | 02/25/2077 | 02/26/2077 ( within 12:00hr | 02/26/2077 (13:00hr) | 3000 | 90days | **NRs.56000 (till 2077/06/20)** | Tender |

## देवाही गोनाही नगरपालिका

**नगरकार्यपालिकाको कार्यालय**

प्रेमपुर गोनाही, रौतहट

प्रदेश नं. २, नेपाल

## यान्त्रिक उपकरण आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७।०२।१० गते

१) यस कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेख यान्त्रिक उपकरण सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिन सम्म बोलपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वाअधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसायदर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखानम्बर (PAN)प्रमाणित प्रमाणपत्र, आ. व. २०७५/०७६ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र , उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को बोलपत्र दस्तुर रु.३०००।-(पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ ।

४)बोलपत्र फारम साथ जमानत वापतको रकम यस कार्यालयको नाममा नेपाल बङ्गलादेश बैंक देवाही शाखामा रहेको धरौटी खाता नं. ०७४०००००८४१ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखि) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५)दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु वानिजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्तकार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६)अलग अलग ठेक्काको अलग अलग बोलपत्र फारम अलग अलग खाममा खामबन्दी गरी ठेक्का नं., कामको विवरण, बोलपत्रदाताको नाम राखी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । तर एउटै खाममा एक भन्दा बढी शिलबन्दी बोलपत्र दाखिलाभएमा सो शिलबन्दी बोलपत्रलाई मान्यता दिइने छैन ।

७)प्राप्त बोलपत्र स्वीकृत गर्ने वान गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिनेछैन ।वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८)बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

९) बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

१०)अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन २०६३ (संशोधित), सार्वजनिक खरिद नियमावली २०६४(संशोधित) तथा अन्य प्रचलित ऐन नियमअनुसार हुनेछ।

११)बोलपत्र सम्बन्धी थपजानकारीका लागी यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्रफारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०१/२०७६/०७७ | सवारी साधन जिप 4WD (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | १,३५,०००। |
| ०२/२०७६/०७७ | सवारी साधन जिप 2WD (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | १,२५,०००। |
| ०३/२०७६/०७७ | एम्बुलेन्स (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | २५,०००। |
| ०४/२०७६/०७७ | ब्याक हो लोडर (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | १,१०,०००। |
| ०५/२०७६/०७७ | मोटरसाइकल (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थन ३ (तिन) | ३,०००/- | १८,०००। |
| ०६/२०७६/०७७ | ट्रेक्टर (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | ३५,०००। |

प्रमुख प्रशासकीय अधिकृत

AQUA ICE CUBES AVAILABLE



'नेपालको आफ्नो, नेपालमा बनेको' 01-268555/9841258516

# सर्वोच्चकी पहिलो महिला न्यायाधीशको निधन

**काठमाडौं:** सर्वोच्च अदालतकी पहिलो महिला न्यायाधीश सुशीला सिङ शिलुको शुक्रबार निधन भएको छ। ललितपुरको मेडिसिटी अस्पतालमा उपचारको क्रममा सिङको निधन भएको हो।

८१ वर्षीया सिङ एक सातादेखि बिरामी थिइन्। नेपाल बार एशोसिएसनकी पूर्वउपाध्यक्ष उषा मल्ल पाठकले पेटमा समस्या देखिएपछि अस्पताल भर्ना गरिएको र पछि ब्रेन स्ट्रोक भएको जानकारी दिइन्। उपचारका क्रममा उनको निधन भएको हो। उनी महिलातर्फ पहिलो न्यायाधीश, वरिष्ठ अधिवक्ता र सर्वोच्च बारको संस्थापक उपाध्यक्ष थिइन्। २०५८ वैशाखदेखि २०६३ सम्म सर्वोच्चको न्यायाधीश बनेकी थिइन्। त्यसपछि उनी राष्ट्रिय मानवअधिकार आयोगको सदस्य पनि भइन्। १९९६ साल फागुन २२ गते काठमाडौं पकनाजोलमा उनको जन्म भएको थियो।

उनका पति र दुई छोरा छन्। सिङको शनिबार दाहसंस्कार हुने भएको छ।

### नयाँ नक्सा...

राजपत्रमा प्रकाशन भएपछि अब यो नक्सा सर्वसाधारणले प्रयोग गर्न पाउने भएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय प्रवक्ता जनकराज जोशीले जानकारी दिए।

उनका अनुसार नयाँ नक्सा छापिएको राजपत्र अब सबै मन्त्रालय, निकाय र प्रदेश सरकार र स्थानीय तहसहित राज्यका सबै कार्यालयलाई पठाइनेछ। नयाँ नक्सा भएकाले राज्यका सबै निकायलाई औपचारिक रूपमा जानकारी दिन राजपत्रमा प्रकाशन गरी पठाउन लागिएको उनले बताए । नक्सा प्रशासनको आधिकारिक निकाय नापी विभागले पहिलो चरणमा ३ हजार नेपालको नयाँ नक्सा छापेर सबै निकायलाई वितरण गर्ने भएको छ।

विभागले नयाँ नक्साको छपाइ सुरु गरिसकेको छ। ती नयाँ नक्सा आइतबारदेखि राष्ट्रपति कार्यालय, उपराष्ट्रपति कार्यालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, सबै संवैधानिक निकाय र मन्त्रालय तथा मातहतका कार्यालयमा राख्न पठाइने जानकारी उनले दिए। अब पाठ्यपुस्तकमा नयाँ नक्सा राख्न लगाइनेछ। प्रकाशन गृह, सञ्चारमाध्यम, निजी तथा गैरसरकारी क्षेत्रमा लिम्पियाधुरासहित नक्सा प्रयोग गर्न निर्देशन गरिनेछ।

### क्वारेन्टाइन...

क्वारेन्टाइनलाई होल्डिङ सेन्टर भन्ने बेला आएको उनको भनाइ छ। 'क्वारेन्टाइन भन्दा मात्र पनि त्यसको मापदण्ड पूरा गर्नुपर्ने रैछ। त्यो हाम्रो क्षमताले भ्याउँदैन', उनले भनिन्, 'हामीसँग जति क्षमता छ त्यति नै गरेका छौं।' क्वारेन्टाइनमै संक्रमण सर्ने खतरा छ। त्यसैले पनि उक्त माविमा रहेका सबैको स्वाब नमुना पठाइएको उनले बताइन्।

जिल्ला समन्वय समिति झापाका प्रमुख सोमनाथ पोर्तेलका अनुसार क्वारेन्टाइन बनाउन स्थान पाउन गाह्रो छ। ठाउँ पाए त्यसलाई मापदण्डअनुसार व्यवस्थापन गर्न मुस्किल छ। 'त्यसैले पछिल्लो समय होल्डिङ सेन्टरतर्फ फोकस गरेका छौं', उनले भने।

भारतका सीमा नाकामा रहेका नेपालीलाई ल्याएर राख्न झापामा ९ सय ५० बेड क्षमताको क्वारेन्टाइन तयार पारिएको छ। यसलाई होल्डिङ सेन्टर भन्न थालिएको छ। यसअन्तर्गत भद्रपुरको मेची क्याम्पसमा ३ सय, कलवलगुरीमा १ सय, बिर्तामोडको कञ्चनजंघा हेल्थ इन्स्टिच्युटमा २ सय, शिवसताक्षीको आदर्श माविमा १ सय ५०, मदन भण्डारी र मानसरोवर गरेर २ सय बेड तयार पारिएको छ।

'भारतले सीमा क्षेत्रमा ल्याएर अलपत्र छाडिदिएका नेपालीलाई उद्धार गरेर होल्डिङ सेन्टरमा राखेका छौं', जिसस प्रमुख पोर्तेलले भने, 'अवैधानिक बाटोबाट आइरहेका नेपालीलाई झापाको हकमा उनीहरूलाई सम्बन्धित पालिकाहरूमा पठाइदिने र बाहिरका भए होल्डिङ सेन्टरमा राखेर स्वास्थ्य परीक्षणपछि सम्बन्धित प्रदेश वा जिल्लामा पठाउनेछौं।'

विषम परिस्थितिमा जे जस्तो उपलब्ध स्रोत र साधन छ त्यसमा दूरी कायम गरेर व्यवस्थापन गर्नुपर्ने सहायक प्रमुख जिल्ला अधिकारी राजकुमार राईले बताए। 'विद्यालयमा बनाइएका क्वारेन्टाइन कतिपयले मापदण्ड पूरा गरेका छैनन्', उनले भने, 'तर, अब त्यत्तिको पनि हामीलाई उपलब्ध हुन गाह्रो छ।'

### संविधान...

सरकारले गत सोमबार भारतद्वारा अतिक्रमित भूमि समेटेर नेपालको नयाँ नक्सा पारित गरेको थियो। त्यसको भोलिपल्ट प्रधानमन्त्री ओलीले नयाँ नक्साअनुसारको संवैधानिक व्यवस्थाका लागि संसद्मा संविधान संशोधन विधेयक ल्याउने र उक्त विधेयक पारितमा सहयोग गर्न सबै दलसँग आग्रह गरेका थिए। भूमि व्यवस्था, सरकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले बुधबार नयाँ नक्सा जारी गरेकी छन्।

नयाँ नक्सा कार्यान्वयनका लागि संविधानको अनुसूची ३ मा रहेको निसान छाप परिवर्तन गर्न संशोधन प्रस्ताव लैजाने निर्णय मन्त्रिपरिषद्ले गरेको सरकारका प्रवक्ता युवराज खतिवडाले बताए। 'त्यसभित्र नेपाल संविधानको अनुसूची ३ मा नेपालको संविधानको धारा ९ को उपधारा २ सँग सम्बन्धित अनुसूची ३ को सट्टा यसैसाथ संलग्न भएको सम्बन्धित अनुसूची ३ राखिएको छ। त्यहाँ नेपालको निसान छाप छ', उनले भने, 'निसान छाप परिवर्तनको कारणचाहिँ नेपालको निसान छापभित्र अंकित नेपालको नक्सालाई वास्तविक सीमाअनुरूप मिलाउन प्रस्ताव गरिएको हो।'

अन्नपूर्ण पोस्ट्ले राष्ट्रको प्रतीक चिह्न निसान छापमा रहेको नक्सा गलत भएको विषय दुई वर्षदेखि लगातार उठाइरहेको छ। अन्नपूर्ण पोस्ट्मा २०७५ साल भदौ २१ गते पहिलो पटक निसान छापमा नेपालको नक्सा गलत भन्ने समाचार प्रकाशन गरिएको थियो। त्यसपछि भूमि व्यवस्थामन्त्री अर्यालले निसान छाप सच्याउन नापी विभागलाई निर्देशन दिएकी थिइन्। सत्तासीन नेकपा संसदीय दलका उपनेता सुवास नेम्बाङले संविधान संशोधन विधेयक महत्त्वपूर्ण भएकाले चाँडोभन्दा चाँडो पारित गर्ने विषयमा दलहरूबीच छलफल हुने बताए। 'सरकारले विधेयक ल्यायो', नेता नेम्बाङले अन्नपूर्णसँग भने, 'यो विधेयक निकै महत्त्वपूर्ण भएकाले यसलाई चाँडोभन्दा चाँडो पारित गर्ने प्रक्रियामा लगिन्छ। त्यस विषयमा दलहरूबीच अब कुराकानी हुन्छ।'

'विधेयक निकै महत्त्वपूर्ण भएकाले चाँडो पारित गर्ने प्रक्रियामा लगिन्छ।'

संशोधन विधेयक संघीय संसद्का दुवै सदनका बैठकबाट दुईतिहाइ मतले पारित गर्नुपर्छ। प्रदेशहरूको सीमा र अधिकार बाँडफाँटबारे संविधान संशोधन गर्नुपरे भने सम्बन्धित प्रदेशसभाबाट संशोधन विधेयक पारित हुनुपर्ने व्यवस्था छ।

संशोधन विधेयक पारित गर्न सत्तासीन नेकपासँग केही मत पुग्दैन। राष्ट्रको सीमासम्बन्धी प्रस्ताव भएकाले विपक्षी कांग्रेसलगायत अन्य दलले पनि सहयोग गर्ने सत्तापक्षको बुझाइ छ।